मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १८ गते सोमबार (Monday, 2 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## निर्वाचन विरोधी गतिविधि गर्ने तीन जना पक्राउ

**झापा, फागुन १७।** फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा सुनसरी प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार सुनसरी जिल्लाका विभिन्न स्थानबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

इलाम जिल्ला माङ्सेबुङ गाउँपालिका-१ बस्ने ३८

*(बाँकी अन्तिम पृष्ठमा)*

### मध्यपूर्वमा १७ लाखभन्दा बढी नेपाली

# सुरक्षाका निर्देशन पालना गर्न आग्रह

**काठमाडौँ, फागुन १६।** नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा पछिल्लो विकसित घटनाक्रमपछि त्यहाँ रहेका १७ लाख बढी नेपालीलाई सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना गरी सुरक्षित रहन आग्रह गरेको छ ।

परराष्ट्र मन्त्रालयमार्फत सरकारले त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा उच्च प्राथमिकतामा रहेको जनाउँदै सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र इरानले त्यसको प्रत्याक्रमण गरेपछि मध्यपूर्वको स्थिति तनावपूर्ण बनेको छ ।

सो सम्बन्धमा जानकारी दिन मन्त्रालयले आइतवार आयोजना पत्रकार सम्मेलनमा सहसचिव कृष्णप्रसाद ढकालले भने- हालसम्म त्यस क्षेत्रमा नेपाली नागरिक सुरक्षित छन् । नेपाल सरकारले घटनाक्रम नजिकबाट हेरिरहेको छ । सम्बन्धित मुलुकले जारी गरेको



सुरक्षासम्बन्धी सूचना जानकारी लिई त्यसको पालना गर्न आग्रह गर्दछौं ।

यस्ता घट्नाक्रमलाई सम्बोधन गर्न मन्त्रालयले 'र्‍यापिड एक्सन टिम' गठन गर्न लागेको सहसचिव ढाललले जानकारी दिए ।

मध्यपूर्व र आसपासका इरानमा छ जना, इजरायलमा छ हजार ५सय, इजिप्टमा ५ सय, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८ सय ६५, संयुक्त अरब इमिरेट्समा चार लाख ७८ हजार एक सय ४४, लेबनानमा एक हजार ५सय, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल कूल १७ लाख २९ हजार २ सय ८८ जना नेपाली नागरिक रहेको जनाइएको छ ।

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यस क्षेत्रका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताए । उनले त्यहाँ नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, सूचना पालना गर्न, अफठ्यारो परेमा दूतावास र मन्त्रालयसँग सम्पर्कमा रहन आग्रह गरे ।

मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले नेपाली नागरिकको सरक्षाका लागि त्यस क्षेत्रका आठ दूतावास र दुई कन्सुलर सेवाबाट सूचना जारी गरी समन्वय भइरहेको प्रवक्ता क्षेत्रीले बताए ।

यसैगरी मन्त्रालयले 'एडभाइजरी' जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको हो । सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् । सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना अनावश्यक यात्रा नगर्नुहोस् ।

काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस्, मन्त्रालयले जारी गरेको एडभाइजरीमा उल्लेख छ ।

मध्यपूर्वको घट्नाक्रमपछि हाल भिसा र टिकट लिई गन्तव्य मुलुक जाने तयारीमा रहेका, गन्तव्य मुलुक जानका लागि विमानस्थल पुगेका र युरोप तथा अमेरिका जानका लागि ट्रान्जिट विमानस्थलमा अलपत्र परेका नेपाली नागरिकले सास्ती भोग्नुपरेको पनि जनाइएको छ ।

# उडान खुल्ने प्रतीक्षामा अलपत्र यात्री



**काठमाडौँ, फागनु १६।** बर्दियाका किशोर पुन शनिबार रोजगारीका लागि कतार जाँदै थिए । त्यसैले हातमा पासपोर्ट र नेपाल एयरलाइन्सको टिकट बोकेर उनी समयमै विमानस्थल पुगेका थिए । तर उनी कतार जान भने पाएनन् । विमानस्थलमा आएपछि उनलाई नेपाल वायुसेवा निगमले हवाई उडान स्थगित भएको सूचना दियो ।

उनी आइतबार दिउँसो विमानस्थलमा अलपत्र अवस्थामा भेटिएका थिए । आफूले बर्दियाबाट आउँदा काठमाडौँसम्म आउनका लागि भाडा र खानाका लागि मात्रै पैसा बोकेको उनले सुनाए । उनीसँग अहिले होटलमा बस्न र खानाका लागि पैसा छैन । हिजो विमानस्थलमै सुतेर रात बिताएँ, अब कहिले उडान हुन्छ थाहा छैन- उनले भने ।

पुनको जस्तै अवस्था कैलालीकी सरला विकको पनि छ । रोजगारीका लागि साउदी अरब जान शनिबार विमानस्थल पुगेकी उनी आइतबारसम्म बिमानस्थलमै छिन् । हवाई उडान कहिले हुन्छ भन्दै बेलाबेलामा निगमका कर्मचारीलाई सोध्छिन् । तर जवाफ चित्तबुझ्दो आउँदैन । निगमका कर्मचारी केही सोध्नुपरे एयरलाइन्सको कार्यालय न्युरोड

*(बाँकी अन्तिम पृष्ठमा)*

# निर्वाचन सुरक्षामा प्रतिबद्ध छौं : सेना



**झापा, फागुन १७।** नेपाली सेनाले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न गराउन पूर्ण प्रतिबद्ध रहेको जनाएको छ।

जनसम्पर्क तथा सूचना निर्देशनालयले आइतबार विज्ञप्ति जारी गर्दै नेपाली सेनाले एकीकृत सुरक्षा योजना-२०८२ अनुसार सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी निर्वाचन सुरक्षा व्यवस्था मिलाइरहेको जनाएको छ ।

विगतका निर्वाचनहरूझैँ यसपटक पनि मतदान सम्पन्न भएपछि स्थापित प्रोटोकलअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन अधिकृत, दलका तोकिएका प्रतिनिधि तथा नेपाली सेनासहितको संयुक्त टोलीले मतपेटिका ढुवानी गर्ने कार्य हुने जनाइएको छ ।

सेनाले २०४८ सालदेखि सम्पन्न भएका सबै निर्वाचनहरूमा सुरक्षा प्रदान गर्दै आएको स्मरण गराउँदै यसपटक पनि मतदानस्थलको सुरक्षा, काठमाडौंस्थित केन्द्रदेखि देशभरका जिल्ला निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी, मतदान अवधिभर बाहिरी घेरामा सुरक्षा प्रदान गर्ने तथा मतदान सम्पन्न भएपछि संयुक्त टोलीमार्फत मतपेटिका सुरक्षित रूपमा मतगणना स्थलसम्म पुऱ्याउने जिम्मेवारी निर्वाह गर्ने स्पष्ट पारेको छ ।

# निर्वाचन सम्पन्न गराउन प्रतिबद्ध हुनुपर्ने

**काठमाडौँ, फागुन १७।** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले निर्वाचनलाई राष्ट्रिय सङ्कल्पका रूपमा लिई त्यसलाई भयरहीत वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सबै प्रहरी कर्मचारीलाई सामुहिक जिम्मेवारीबोधका साथ कार्यक्षेत्रमा जुट्न निर्देशन दिएका छन् ।

निर्वाचन हुनुअघि, निर्वाचनको बेला र निर्वाचनपछि अपनाउनुपर्ने सुरक्षा सतर्कता तथा समसामयिक विषयमा आइतवार श्रव्यदृश्यका माध्यमद्वारा प्रहरी कर्मचारीहरूलाई निर्देशन दिँदै उनले राष्ट्रप्रतिको आफ्नो दायित्व नबिर्सन सुझाव दिए । साथै उनले सुरक्षा संवेदनशीलतालाई विश्लेषण गर्दै रणनीतिसहित कार्यक्षेत्रमा परिचालन हुन निर्देशन दिए । प्रहरी महानिरीक्षक कार्कीले भरपर्दो सुरक्षा योजना अवलम्बन गर्दै अन्य सुरक्षा निकायसँग निरन्तर समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए ।

# एसईईका विद्यार्थीलाई निःशुल्क खाना



**बिर्तामोड, फागुन १७ ।** झापाको कनकाई-२ जामुनबारीमा रहेको सरस्वती माध्यमिक विद्यालयका विद्यार्थीलाई निःशुल्क खाना तथा खाजा खुवाउने कार्य शुरु भएको एक साता पुगेको छ ।

स्थानीय समाजसेवी दीपक ओलीले आफ्नो सेवामूलक कार्यलाई निरन्तरता दिँदै सो सामुदायिक विद्यालयका विद्यार्थीलाई निःशुल्क खानाको व्यवस्था गरिदिएका हुन् । माध्यमिक शिक्षा परीक्षा (एसईई) को तयारीमा रहेका २२ जना विद्यार्थीलाई ओलीले निःशुल्क खाना र खाजाको व्यवस्था गरेको बताइएको छ ।

विद्यालयकै कोठामा विद्यार्थीलाई खाना खुवाउने कामको शुरुवात गरिएको ओलीले जानकारी दिए । २२ जना विद्यार्थी र केही शिक्षकलाई एसईई परीक्षासम्म खानाको व्यवस्थापन गरिएको उनले बताए । एसईईको तयारीमा रहेका विद्यार्थीहरु बिहान ६ बजे नै विद्यालय आउने र घर पुगेर आउँदा पढाइमा असर पर्ने देखेर ओलीले आफ्नो खर्चमा बिहानको खानाको व्यवस्था गरेका हुन् । ओलीले आफूले शुरुवात गरेको अभियानमा सहयोगी दाताहरुलाई जोडिन पनि आग्रह गरेका छन् ।

केही विद्यार्थीका अभिभावक दैनिक ज्याला मजदुरीमा जाने भएकाले पनि ओलीले विद्यार्थीको सहजताका लागि एक छाक खानाको शुरुवात गरेको बताए । विद्यार्थीहरुलाई झन्डै डेढ महिना विद्यालय लागेको दिन खाना खुवाइनेछ ।

जामुनखाडी सिमसार तथा पर्यटकीय क्षेत्रका सचिव रहेका ओली लायन्स क्लब अफ कनकाई दुर्गापुरका सचिव र पर्यटन मञ्च झापाका कार्यसमिति सदस्य पनि हुन् । उनले अघि पनि सो विद्यालयका विद्यार्थीलाई ब्याग तथा न्यानो कपडा प्रदान गरिसकेका छन् ।

# आचारसंहिता उल्लंघन भइरहेकोप्रति कांग्रेसको ध्यानाकर्षण

**का७माटौँ, फागुन ङ्ग्ट।** नेपाली कांग्रेसले निर्वाचन आयोगसमक्ष विभिन्न दलले निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घन गरेको विषयमा ध्यानाकर्षण गराएको छ । कांग्रेस प्रवक्ता एवम् केन्द्रीय प्रचारप्रसार समितिका संयोजक देवराज चालिसे नेतृत्वको टोलीले आइतवार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसँग भेट गरी निर्वाचन आचार संहिता पालना गराउन ध्यानाकर्षण गराएको हो ।

कांग्रेसले अझै केही राजनीतिक दलहरूले भौतिक चुनाव चिह्नको खुलेआम दुरुपयोग गरिरहेको, निर्वाचन प्रचारप्रसार अभियानका क्रममा बालबालिकालाई सहभागी गराइएको, आयोगले राष्ट्रिय झण्डाको प्रयोगका सम्बन्धमा गरेको निर्देशनविपरीत राष्ट्रिय झण्डाको दुरुपयोग भइरहेको र मिथ्या सूचनाका आधारमा दुष्प्रचार गरी जनमतलाई आफ्नो दलको अभिष्ट पूरा गराउने उद्देश्यले सामाजिक सञ्जाल मार्फत निर्वाचन आचारसंहिताको विपरीत

*(बाँकी अन्तिम पृष्ठमा)*

# भ्रामक सूचना फैलाएको आरोपमा एक युवक पक्राउ

**झापा, फागुन १७ ।** सामाजिक सञ्जाल टिकटकमार्फत -झापामा बालेन साहमाथि गोली प्रहार-भएको भन्ने भ्रामक सूचना सार्वजनिक गरी समाजमा गलत तथा नकारात्मक सन्देश फैलाएको आरोपमा एक युवा पक्राउ परेका छन् ।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-७ निवासी २३ वर्षीय प्रकाश भट्टलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई प्रहरीले पक्राउ गरेको जनाइएको छ । उनलाई काठमाडौं महानगरपालिका-५ स्थित डबली चोकबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार टिकटकमा असत्य तथा पुष्टि नभएको सूचना प्रसारण गरी समाजमा भ्रम सिर्जना गर्ने, सार्वजनिक शान्ति तथा सुव्यवस्थामा असर पुग्ने किसिमको गतिविधि गरेको पाइएपछि उनलाई पक्राउ गरिएको हो । घटनाबारे थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट पाँच दिनको म्याद थप अनुमति लिइएको छ । हाल उनीमाथि सार्वजनिक शान्तिविरुद्धको कसुर अन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।






# साधुटारमा त्रिदिवसीय अन्तर्राष्ट्रिय साहित्यिक पर्यटन महोत्सव



**झापा, फागुन १७।** झापाको अर्जुनधारा-१ स्थित शंकराचार्य वेदवेदाङ्ग संस्कृत पाठशाला तथा कामदा गौशाला, साधुटारमा त्रिदिवसीय अन्तर्राष्ट्रिय साहित्यिक पर्यटन महोत्सव आयोजना गरिने भएको छ ।

झापामा भइरहेका साहित्यिक गतिविधि तथा धार्मिक-पर्यटकीय गन्तव्य साधुटारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको शंकराचार्य पीठका आचार्य लक्ष्मीप्रसाद खतिवडाले जानकारी दिए ।

उनका अनुसार आगामी फागुन २८ देखि ३० गतेसम्म सञ्चालन हुने महोत्सवमा भारतका आसाम, दार्जीलिङ, सिक्किमलगायत नेपालका विभिन्न स्थानबाट साहित्यकारहरू आवासीय रूपमा सहभागी हुनेछन् ।

महोत्सवको पहिलो दिन फागुन २८ गते सहभागी अतिथिहरूको स्वागत तथा आतिथ्य कार्यक्रम गरिनेछ । दोस्रो दिन फागुन २९ गते बिहान योग शिविर सञ्चालन गर्नुका साथै सहभागीहरूलाई धामका धार्मिक गतिविधिमा सहभागी गराइने कार्यक्रम तय गरिएको छ ।

उक्त दिन बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म झापाका करिब २० गुरुकुलका विद्यार्थीलाई प्रा.डा. देवी नेपालले छन्द कविता लेखनसम्बन्धी प्रशिक्षण दिने कार्यक्रम रहेको कार्यक्रम संयोजक डा. गोपीकृष्ण खतिवडाले बताए ।

त्यसै दिन दिउँसो ३ बजेदेखि ५ बजेसम्म अतिथिहरूलाई चुरे क्षेत्र तथा मदन भण्डारी लोकमार्गको अवलोकन गराइनेछ । प्रशिक्षण प्राप्त विद्यार्थीलाई स्थलगत रूपमा छन्द कविता लेखन अभ्यास गराइने र उनीहरूले सिर्जना गरेका कविता साँझ ५ देखि ६ बजेसम्म वाचन गराई उत्कृष्टलाई पुरस्कृत गरिने आचार्य खतिवडाले जानकारी दिए ।

साँझ ६ बजेदेखि ७ बजेसम्म गुरुकुलीय गतिविधिबारे अतिथिहरूलाई अवलोकनसहित जानकारी गराइनेछ भने ७ बजेदेखि भजन तथा गजलसहित काव्यसभा आयोजना गरिनेछ । कार्यक्रममा 'जुनियर अनुप जलोटा' नामले परिचित रमेश प्रजापतिले भजन प्रस्तुत गर्ने तथा छन्द कवयित्रीहरूले कविता र गजल वाचन गर्ने धामका वरिष्ठ उपाध्यक्ष पण्डित शान्तिराम नेपालले बताए ।

महोत्सवको अन्तिम दिन फागुन ३० गते बिहान गुरुकुलीय गतिविधिसहित बिहान ९ बजे समापन समारोह आयोजना गरिनेछ । समापन कार्यक्रममा डा. दीपक न्यौपानेले 'समसामयिक नेपाली कविताका प्रवृत्ति' विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्, जसको टिप्पणी साहित्यकार शिव प्रणत रेग्मीले गर्ने छन् ।

यसैगरी डा. महेश पौडेलले 'पर्यटन र साहित्यको सम्बन्ध' विषयक कार्यपत्र प्रस्तुत गर्नेछन् भने साहित्यकार प्रतीक ढकालले टिप्पणी गर्नेछन् ।

डा. कर्णाखर खतिवडाले 'आरोग्य पर्यटन' विषयमा कार्यपत्र प्रस्तुत गर्ने र आयोजक संस्थाले 'शंकराचार्य परम्परा र पूर्वीय दर्शन' विषयक प्रस्तुति दिने कार्यक्रम रहेको संयोजक खतिवडाले जानकारी दिए ।

महोत्सव सम्पन्न गर्न करिब १० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । आवश्यक सहयोगका लागि कोशी प्रदेश सरकारसँग अनुरोध गरिएको आयोजकले जनाएको छ । समापन समारोहका प्रमुख अतिथिका रूपमा कोशी प्रदेश सरकारका वन तथा पर्यटन मन्त्री भीम पराजुलीलाई निमन्त्रणा गरिएको बताइएको छ ।

संस्थाको स्वर्ण महोत्सव तथा कोशी पर्यटन वर्षको अवसर पारेर अन्तर्राष्ट्रिय साहित्यिक पर्यटन महोत्सव आयोजना गर्न लागिएको आचार्य खतिवडाले बताए ।

# लाभ बाँडफाँटमा ३५ प्रतिशत महिला अनिवार्य

**काठमाडौँ, फागुन १७।** वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक भएको छ । वन तथा वातावरण मन्त्रालयले वन र वातावरण क्षेत्रलाई लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री र सामाजिक रूपमा समावेशी बनाउने उद्देश्यसहित जेसी रणनीति तथा कार्ययोजना ल्याएको हो ।

एकदशक अवधिका लागि तयार गरिएको उक्त रणनीति तथा कार्ययोजनाले सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी निकाय, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारलाई नीतिगत र संस्थागत रूपमा समावेशी तथा उत्तरदायी बनाउने लक्ष्य लिएको छ ।

वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सिप, उद्यमशीलता एवम् नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने रणनीति तथा कार्ययोजनाको उद्देश्य रहेको छ ।

यसैगरी, वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसीलगायत सीमान्तकृत समुदायको सिप, उद्यमशीलता एवम् नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने योजना पनि रणनीतिमा लिपिबद्ध गराइएको छ ।

रणनीतिअनुसार वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली र निर्देशिकालाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ । सबै निकायले जेसी सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, संस्थागत संरचनामा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, कर्मचारी नियुक्तिमा समावेशी सिद्धान्त लागू गर्ने तथा वञ्चित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान रणनीतिमा समेटिएको छ ।

सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ ।

महिलाको नेतृत्व विकास, कार्यबोझ न्यूनीकरण तथा लैङ्गिक भूमिका परिवर्तनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिने र लाभग्राहीको तथ्याङ्क लैङ्गिक र सामाजिक आधारमा खण्डीकृत रूपमा व्यवस्थापन गरिने रणनीति छ । यसैगरी सम्पन्नता स्तरीकरण र सामाजिक विश्लेषणका आधारमा सीमान्तकृत समुदायलाई बीऊ पुँजी उपलब्ध गराई वनमा आधारित उद्यम प्रवर्द्धन गरिने योजना छ ।

**कार्यस्थलमा शून्य सहनशीलता**

रणनीतिले वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने स्पष्ट गरेको छ । प्रत्येक संस्थामा आन्तरिक उजुरी समिति गठन गरी लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ । यौनजन्य दुर्व्यवहार (निवारण)सम्बन्धी कानुन तथा आचारसंहितासम्बन्धी अनिवार्य तालिम सञ्चालन गरिने पनि उल्लेख छ ।

**लैङ्गिक तथा अपाङ्गमैत्री पूर्वाधारमा जोड**

कार्यालय, आवास, शौचालय तथा अन्य पूर्वाधार निर्माण गर्दा महिला, यौनिक अल्पसङ्ख्यक र अपाङ्गमैत्री सुविधा सुनिश्चित गरिने लक्ष्य राखिएको छ । रणनीतिमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष र महिनावारी मैत्री शौचालय व्यवस्थापनलाई प्राथमिकता दिइएको छ ।

**अनुगमन र कार्यान्वयन**

रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी सम्बन्धित मन्त्रालयले बहन गर्नेछ । प्रत्येक पाँच वर्षमा समीक्षा तथा आवश्यक परिमार्जन गरिनेछ । कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा वन उपभोक्ता समूहले बजेट व्यवस्था गर्ने तथा आवश्यक परे विकास साझेदारसँग सहकार्य गरिने जनाइएको छ । नयाँ रणनीतिले आगामी दशकमा वन तथा वातावरण क्षेत्रलाई समावेशी, सुरक्षित र न्यायोचित बनाउने अपेक्षा गरिएको छ ।

**ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लैङ्गिक सम्पर्क व्यक्ति मञ्जु घिमिरे सुवेदीले जेसी रणनीतिले ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताइन् । निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्नेछ- उनले भनिन् - स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सिपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुनेछ ।

उनले वर्तमान सन्दर्भमा वन विज्ञान अध्ययन गर्ने महिला विद्यार्थी र विभिन्न सरकारी तथा गैरसरकारी तहमा महिलाको प्रतिनिधित्व बढ्दो क्रममा रहेका सन्दर्भमा जेसीको नयाँ रणनीति ल्याइएको जानकारी दिनुभयो । सीमान्तकृत समुदायभित्रका एकल महिला, अपाङ्गता भएका महिलालगायत सबैभन्दा पछि परेका समूहसम्म लाभ पुग्ने सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गरिएको घिमिरेको भनाइ छ ।

लक्षित कार्यक्रम र बजेट विनियोजनमार्फत विशेष अवसर प्रदान गरिने, जेसी इकाइ तथा अनुगमन संयन्त्रमार्फत कार्यान्वयनको निगरानी गरिने उनले बताइन् । साथै, विभेदविरुद्ध शून्य सहनशीलता नीति र अपाङ्गमैत्री पूर्वाधार व्यवस्थाले सुरक्षित र पहुँचयोग्य वातावरण निर्माण गर्ने अपेक्षा गरिएको घिमिरेले जानकारी दिइन् ।

**प्रभावकारी कार्यान्वयनको आवश्यक छ : एनएफए**

नेपाल वन प्राविधिक सङ्घ (एनएफ) को महासचिव सुनिता उलकले वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक हुनु सकारात्मक कदम भएको टिप्पणी गरिन् ।

**महिलाको सहभागिताले नेतृत्व र रोजगारीमा प्रभाव**

सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) की महासचिव पार्वता गौतमले जेसी रणनीति राम्रो भएको उल्लेख गर्दै प्रभावकारी रुपमा व्यवहारमा लागू गर्नुपर्नेमा जोड दिइन् । उनका अनुसार सामुदायिक वन समूहमा हाल पनि ५० प्रतिशत महिलाको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ।

सामुदायिक वनबाट प्राप्त आम्दानी महिलाको क्षमता वृद्धि, वन उद्यममा लगानी, रोजगारी सिर्जना र नेतृत्व विकासमा प्रयोग हुँदै आएको छ- गौतमले भनिन् -सामुदायिक वन समूह नीतिगत रुपमा महिलाको सहभागितालाई केन्द्रमा राखेर काम गर्दै आएको छ । प्राप्त रकम महिलाको क्षमता विकास, तालिम सञ्चालन, विपन्न वर्गमा लगानी र जीविकोपार्जन सुधारमा खर्च भइरहेको छ र महिलाको नेतृत्व र समावेशी सहभागिता सुनिश्चित गर्न प्रभावकारी कार्यान्वयन अपरिहार्य छ ।

## उडान ...

जान सुझाव दिन्छन् । विक दोस्रो पटक साउदी अरब जाँदै छिन् । दुई महिनाअघि बिदामा घर आएकी उनी अब काठमाडौँबाट कैलाली फर्कने हो भने फेरि साउदी अरब जान नपाइएला भन्ने चिन्ता पनि छ ।

पुन र विकजस्ता हजारौँ नेपाली यतिबेला विमानस्थलको चक्कर काटिरहेका छन् । उनीहरु जाने मुलुकमा नेपालबाट हवाइजहाजले उडान भरेको छैन । अमेरिका र इजरायलले शनिबार इरानमाथि आक्रमण शुरु गरेपछिको असर नेपाली श्रमिकमा देखिएको हो । खासगरी खाडीमुलुकमा रोजगार गर्न जाने नेपाली बढी प्रभावित भएका छन् । अमेरिका र इजराइलले इरानमा गरेको आक्रमणका कारण युएई, साउदी अरब, कतार, कुवेतलगायत मुलुकका विमानस्थल अस्थायी रुपमा बन्द गरिएको छ । जसकारण विदेश उड्न भनेर आएका नेपाली यात्रु अलपत्रमा परेका हुन् ।

अलपत्र पर्नेमा मोरङका दिलीप्रसाद राजवंशी पनि छन् । दुबईको आबुधावीमा श्रमिकका रुपमा कार्यरत उनी तीन महिनाको बिदा मनाएर आइतबार दुबई फर्कने तालिका थियो । दुबईस्थित कम्पनीको मालिकको फोन गर्दा आइतबार बिदाको दिन परेकाले उठेन । कम्पनीले दुबहीबाट नै टिकट काटिदिएको थियो । यसबारेमा अब के हुन्छ भन्ने कुनै आधिकारिक जानकारी प्राप्त गरेका छैनन् । दुबईको विमानस्थल बन्द छ, मात्रै भन्छन्, तर अब के गर्ने ? टिकट कसरी रिफण्ड हुन्छ ? र सस्तोमा पाएको टिकट त्यही मूल्यमा पाइन्छ कि पाइँदैन ? कतै महङ्गोमा पर्ने पो हो कि ?" उनले भने । उनले आफूलगायत खाडीमुलुक जाने नेपाली यात्रु सही र आधिकारिक सूचना नपाउँदा अलमलमा पर्नुपरेको बताए ।

दुबई जान विमानस्थल आएका गणेश मिश्रले पनि जहाँ टिकट काटेको त्यहीँ जानु भनेर सोधपुछ कक्षका कर्मचारीले जवाफ दिएको बताए । आफू अलपत्र र बेवारिसे जस्तै भएको उनले बताए । धनुषाका एमडी रोजेन्दावले आफू कतार जान विमानस्थलमा दुई दिनअघिदेखि नै आइरहेको सुनाए । घर फर्किन पनि सकेको छैन, होटलमा बस्न खर्च पनि छैन, हवाई उडान कहिले खुल्छ भन्ने पनि निश्चित छैन- उनले भने ।

नेपाल वायुसेवा निगमका प्रवक्ता अर्चना खड्काले इरान-अमेरिका तनाव बढेपछि विभिन्न मुलुकका विमान सञ्चालनमा रोक लगाइएकाले उक्त अवस्था समान्य नहुँदासम्म उडान नहुने बताए । यद्यपि यात्रुहरुले टिकट रिफन्ड गर्नुपर्ने अवस्था आएमा कार्यालयमै सम्पर्क गर्न आग्रहसमेत गरे ।

विमानस्थलमा सबै काम गर्न सम्भव नहुने भएकाले कार्यालयमै सम्पर्क गर्न भनेका हौँ - उनले भने -यात्रुहरुको सहजताका लागि निगमको काम विमानस्थलमै गर्न भने त्यति सम्भव छैन ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता विक्रमराज गौतमले केही देशका विमानस्थल अनिश्चित रुपमा बन्द भएकाले यात्रुलाई निश्चित सूचना दिन नसकिएको बताए ।

यद्यपि विमान कम्पनीहरुले यात्रुलाई उडान खुल्नु तीनदेखि चार घण्टाअघि फोन गरेर सूचना दिनुपर्ने भनी सूचना प्रकाशित गरिएको उनले जानकारी दिए ।

## निर्वाचन ...

वर्षीय प्रवीन मिश्र, मोरङको पथरी शनिश्चरे नगरपालिका-१० का ५१ वर्षीय सीताराम बुढाथोकी र भोजपुर साल्पा सिलिछो गाउँपालिका-१ का ४६ वर्षीय डिल्लीराम बोहोरालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

नियन्त्रणमा लिइएका तीनै जनालाई जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## आचारसंहिता ...

हुने गरी सूचना सम्प्रेषण भइरहेकोमा आयोगको ध्यानाकर्षण गराएको हो ।

कांग्रेसले प्रतिस्पर्धामा विश्वास गर्छ, विगतमा जस्तै भविष्यमा पनि नेपाली जनताले सुम्पिएको हरेक अभिभारालाई निष्ठा र इमानदारीपूर्वक बहन गरी लोकतन्त्र, संविधान, मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति प्रतिबद्ध रहेको छ ।

फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदै गर्दा केही दलले स्वच्छ प्रतिस्पर्धा गर्नुको सट्टा निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै चुनाव प्रचारप्रसार गरिरहेका समाचार विभिन्न सञ्चारमाध्यममा प्रकाशन र प्रसारण भइरहेका छन् । यसतर्फ पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ- प्रवक्ता चालिसेले आयोगलाई बुझाएको ध्यानाकर्षण पत्रमा भनिएको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आयोग आचारसंहिता उल्लङ्घनका घटना न्यूनीकरण गराउन उच्च प्राथमिकताका साथ लागेको बताए । यसका लागि धेरैलाई कारबाही गरिएको, नगद कारोबारप्रति शून्य सहनशीलताको नीति लिएको पनि उनले उल्लेख गरे ।

राष्ट्रिय झण्डाको दुरुपयोग न्यूनीकरण र भौतिक चुनाव चिह्नको प्रयोगका सन्दर्भमा पनि आयोगले गम्भीरतापूर्वक नियालिरहेको, सरोकारवालालाई ध्यानाकर्षण गराइएको पनि कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले बताए ।


त्रिभुवन विश्वविद्यालय
**मेची बहुमुखी क्याम्पस**
भद्रपुर, झापा

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८२।११।१७

यस मेची बहुमुखी क्याम्पस पुस्तकालय, भद्रपुर झापाको लागि चालू आ. व. २०८२/०८३ का BABSW, BBA, Bsc, BBS, BseCSIT, BCA, BITM,MBS, MA का वार्षिक तथा सेमेष्टर प्रणालीका विभिन्न पाठ्यपुस्तक खरिद गर्नु पर्ने भएकाले स्वदेशी तथा निजी प्रकाशन तथा बाह्य तथा विदेशी प्रकाशनमा अधिकतम् छुटसहित पुस्तक सप्लाई गर्न इच्छुक पुस्तक व्यवसायीहरुले मूल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता भएको प्रमाणपत्र तथा कर चुक्ताको प्रतिलिपि राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्र) दिन कार्यालय समयभित्र स्वदेशी तथा निजी प्रकाशनका लागि न्युनतम् २०% (प्रतिशत) र वाह्य तथा विदेशी प्रकाशनका पुस्तकहरुमा न्युनतम् ७% (प्रतिशत) कायम गरी छुट वढावढमा सप्लाई गर्न इच्छुक पुस्तक व्यवसायी तथा सप्लायर्सबाट यस क्याम्पसको प्रशासन शाखामा सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएका दरभाउ पत्रहरु (१६ औं) सोह्रौं दिन दिनको १२ वजे नियमानुसार मेची बहुमुखी क्याम्पसमा खोलिने छ ।

विस्तृत जानकारीका लागि यस क्याम्पसको पुस्तकालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

(देवीप्रसाद आचार्य)
क्याम्पस प्रमुख



**प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं ।**

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीबार हुँदैछ ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।


नेपाल सरकार
विज्ञापन बोर्ड



**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु
- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


# सूचना



जिल्ला झापा गाउँ शिवसताक्षी वडा नं. १० माइधार बस्ने भारतीय आर्मी नम्बर JC 76551 दर्जा नायव सुवेदार पल्टन 7/11GR को श्रीध्वोज लिम्बुको नाति पूर्णहाङ्ग लिम्बुको छोरा भारतीय सैनिक श्री कृष्ण ध्वोज लिङदेनको नाम नेपाली नागरिकतामा कृष्ण ध्वोज लिङ्देन उल्लेख भएको तर भारतीय सेनाको दस्तावेजमा कृष्ण ध्वोज लिम्बु भएको साथै निजको एकमात्र श्रीमती जिल्ला ताप्लेजुङ्ग गाउँ थेचम्बु वडा ३ बस्ने कमलसिंह लिम्बुको नातिनी रणबहादुर लिम्बुको छोरी शिवसताक्षी नपा-१० बस्ने श्रीमती डम्बर कुमारी लिङदेनको नेपाली नागरिकतामा डम्बर कुमारी लिङदेन उल्लेख भएको तर श्रीमानको भारतीय दस्तावेजमा श्रीमती डम्बर कुमारी लिम्बुनी लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिमनै श्रीमती डम्बर कुमारी लिङदेन कायम गर्नका लागि सर्वसाधारणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


**पार्ट टाइम जब**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला ।
**क्षेत्र** : बसपार्क/बुट्टाबारी
**तलब** : ५०००।- माथि (पाँच हजार रुपैयाँ माथि ।)
**समय** : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म ।
**सम्पर्क** : ९८०७९१०२२२, ९८०६०३३१५३



Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।
- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## प्रेम र सद्भावको पर्व

आज फागु पूर्णिमा । वैदिक सनातन धर्मका अनुयायीहरु खासगरी भारत र नेपालमा प्रत्येक वर्षको फागुन महिनाको शुक्ल पक्षको पूर्णिमाका दिन एकापसमा रंग दलेर होली पर्व मनाउने गरिएको छ । वैदिक सनातन हिन्दू धर्म अनुसार फागु पूर्णिमालाई बसन्तोत्सव पर्व पनि भनिन्छ । यो पर्व असत्य माथि सत्यको र अधर्म माथि धर्मको विजयको प्रतीकका रुपमा रंगहरु साटासाट गरेर मनाउने गरिन्छ । फागु पूर्णिमा त्रेतायुगदेखि नै रंगको पर्वका रुपमा मनाउने गरिएको किंवदन्ती छ । जाडो सकिएर बसन्त ऋतुको आगमन भएको संकेत दिने यस दिनले प्रकृतिमा नयाँ जीवन र रंग भित्र्याउँछ । भन्ने मान्यता छ ।

सत्यको विजयको प्रतीकका रुपमा लिइने फागु पूर्णिमा भक्त प्रह्लाद र उनकी फुपू होलिकाको कथासँग पनि जोडिएको छ । प्रह्लाद भगवान विष्णुका भक्त थिए जसलाई मार्न होलिकालाई प्रयोग गरिएको धार्मिक कथा छ । जस अनुसार आगोले समेत नजल्ने वरदान पाएकी होलिकाले बालक प्रह्लादलाई काखमा राखेर अग्नि दाह गर्न खोजेकी थिइन् । त्यसक्रममा भगवानका भक्त प्रह्लाद सकुशल रहेको तर अधर्मको बाटो हिंडेकी होलिकाको भने मृत्यु भयो । त्यही खुशीयालीमा एकापसमा रंग साटासाट गर्ने विजय उत्सव मनाउने परम्परा छ ।

विविधताभित्रको एकता नेपाली समाजको विशिष्टता हो । मिथिला संस्कृतिका रुपमा रहेको फागु पूर्णिमा अथवा होली अहिले हिमाल, पहाड र तराईको साझा पर्व जस्तै बनिएको छ । बहुसांस्कृतिक, बहुधार्मिक परम्परा रहेको नेपालमा त्यस्ता अनेक पर्वहरु छन् जो सबैले समान रुपमा स्वीकार गरेका छन् । हाम्रा प्रत्येक जात्रा, उत्सव र पर्वहरुको आ-आफ्ना महत्त्व छन् । यस्ता बहुल संस्कृतिभित्रको एकता, हार्दिकता र सद्भावले मित्रता, बन्धुत्व र प्रेमको सन्देश दिएका छन् । तिनै पूर्व मध्येको एउटा प्रमुख पर्व हो फागु पूर्णिमा जसलाई कतै बसन्तोत्सव त कतै होली वा फगुवा भन्ने गरिन्छ ।

पौराणिक आख्यानहरुमा वर्णित फरक-फरक प्रसंगको सार धर्म, सत्य, न्याय र प्रेमको अनुशरण हो । हिरण्यकश्यपको क्रुरता, अत्याचारबाट दुनियालाई मुक्त गर्न उनकै छोरा प्रह्लाद नै कारक बनिएको प्रसंगले पनि हामीलाई दृष्टता, निरंकुशता र राक्षसी प्रवृत्ति त्यज्य हुन्छ भन्ने सन्देश दिएको छ । त्यही प्रवृत्तिको अन्त्य भएको खुशीयाली साटासाट गर्न शुरु भएको पर्व हिन्दू धर्मको साझा पर्व बनिएको हो । यसबेला यसको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वबाट बेखबर युवा पुस्ताका लागि होली केबल मनोरञ्जनको दिन मात्र भएको छ । त्यस्तोमा यस पटक आसन्न निर्वाचनलाई मध्यनजर गर्दै सरकारले सार्वजनिक रुपमा होली नमनाउन आग्रह गरेको छ । त्यसकारण पनि होली व्यवस्थित, मर्यादित र सभ्य भएर मनाउन सबै सजग हुनुपर्छ ।

# फागु पूर्णिमाको महत्व

नेपाल कला र संस्कृतिले भरिएको देश हो । जहाँ विभिन्न चाडपर्वहरु मनाउने गरिन्छ । ती मध्ये होली पनि एक हो । जसले नेपाली संस्कृतिलाई झल्काउने गर्दछ । फागु पूर्णिमाको रुपमा पनि लिने गरिएको पाइन्छ । होली हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमा अर्थात् होली पूर्णिमाको दिन मनाइन्छ । होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्त्वपूर्ण चाड हो । यो चाड बसन्त ऋतुमा फागुनको महिनामा मनाइन्छ । होली रङ्गहरूको चाड हो ।

होलीको दिन मानिसहरूले एकअर्का माथि विभिन्न प्रकारका रङ्गहरू हालेर एकअर्कालाई रङ्गिन बनाउँछन् । होली पर्व मनाउनुको एउटा कारण र इतिहास छ । होली खेल्ने दिनभन्दा एक दिन पहिला राति होलीका दहन गरिन्छ । राति होलीका दहन गरिसकेपछि बिहान पानीमा रङ्ग घोलेर एकअर्का माथि फाल्ने चलन छ । भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुश्मनी बिर्सेर मान्छे एकअर्कासँग मिल्छन्' । यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ ।

होली पर्व घरपरिवार, साथीभाइ आपसमा रङमा रङ्गिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि शहरसम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरूका हूल तथा जत्थाहरू हातमा रङ र रङ्गीन घोल पदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसईबीलाई बिर्सेर उत्साह र उमङ्गका साथ मनाइने रङ्गीन पर्वको रूपमा लिइन्छ ।



त्रेता युगमा भगवान विष्णुका परम भक्त प्रहलादसँग होलीलाई जोडेर हेरिन्छ, हिरण्यकश्यपुका पुत्र प्रह्लादलाई उनको आफ्नै फुपु होलिकाले आगोमा भष्म पार्न लाग्दा उनी आफैं आगोमा भष्म भएकी दिनका रुपमा होलीको पर्व पर्दापण भएको मानिन्छ । विष्णुको नरसिंह अवतारको वर्णन अनि उत्पत्ती पनि होली अनि प्रह्लाद घटनाक्रमसँग सम्बन्धित छ । नारद पुराण र भविष्य पुराणमा होलीको महत्व अनि चलनको चर्चा गरिएको छ । भगवान श्रीकृष्णलाई दूध खुवाएर मार्न आएकी राक्षसनी पुतनाको पनि आजकै दिन बालक कृष्णले बध गरेको उल्लेख गरिएको छ । यसरी पुतनाको बध भएपछि गोपालबासीहरुले जयजयकार गर्दै आजको दिनको रंगीन उत्सव मनाएको विवरण पनि इतिहासले बयान गर्दछ ।

निलो रंगले मानवता र धैर्यतालाई दर्शाउँछ भने पहेलो रंग भगवान श्रीकृष्णको प्रिय रंग हो । सौभाग्यको सूचक रातो रगंको प्रयोग पनि आज ब्यापक गरिन्छ । अनुहार अनि शरीरभरी लागेका रंगहरु धुँदा हातैभरि रंगहरु हुने गर्दछ, खललल बगेका पानीका धारा या नुहाउने इनार अनि पोखरीका डिलहरु आज रंगिन हुने गर्दछन् । शुक्ल पक्षको ठूलो चन्द्रको छत्रछाँयामा होलीका गीतहरु गाउँदै रातभरि विभिन्न कार्यक्रम आयोजना गर्ने चलन पनि रहेको छ । फागु पूर्णिमाका दिन नेपालमा सार्वजनिक विदा दिइन्छ भने उपत्यका लगायत अन्य ठाउँहरुमा फागुन पूर्णिमाकै दिन अनि तराई क्षेत्रमा भोलिका दिन विदा दिइन्छ ।

धार्मिक मान्यताबाट अलग्ग बनाएर केबल उत्साह अनि सद्भावका रुपमा हेरेरै त होला नेपालीजनहरु चाहे जुनसुकै धर्म या समुदायका हुन्, होलीमा एउटै आँगन र तालमा झुम्मिन्छन् । बालक बालिकाले पिच्कारी अनि ससाना बेलुनहरुका साथमा मज्जा लन्छन्, फेरि पिच्कारी बजारमा किन्न पाउने मात्र नभई तराईतिर बाँस काटेर त्यसका ढोडबाट बनाईएका पिच्कारीहरु अथवा प्रयोग गरिसकेका पुराना प्लास्टीकका बोतलबाट बनाइएका पिच्कारीहरु पनि हुन्छन्, वयस्कका लागि होली रंगहरु अनि भातृत्व र साहसको पर्व हो । शुरु-शुरुमा जो कोही पनि यसपाला म रंग खेल्दिनँ भनेर बसेता पनि सुस्तरी रंगीन माहोल अनि साथीभाइको रंग भरिएका हात अनि पानीका फोहोराबाट बच्न हम्मे-हम्मे पर्दछ । पुराना यादहरु सँगाल्दै अनि अविर र केसरीको चुटुक्क टिकाका साथमा वृद्ध पुस्ताले दिएका आशिषको पनि होलीमा विशेष महत्त्व रहन्छ ।

# फागुन १९ खण्डग्रास चन्द्रग्रहण



ज्यो. सूर्य कुइँकेल

ब्रम्हाण्डमा ग्रहहरु घुमिरहन्छन् । ग्रहहरु र सम्पूर्ण सौर्यमण्डलकै राजा सूर्य हुन् । ग्रहहरु निरन्तर आफ्नो चालमा चलिरहने भएकाले कहिले सूर्यको नजिक वा टाढा रहेर वा सूर्यका वा चन्द्रमाका नजिकमा वा दूरीमा विभिन्न ग्रहहरुको चाल र आगमनको प्रभाव सम्पूर्ण प्राणी लगायत भूगोलमा पनि पर्दछ । त्यस्तै ग्रहणको प्रभाव पनि राज्यमा र व्यक्तिमा पर्दछ ।

शास्त्रमा भनिएको छ-

ग्रहा राज्यं प्रयच्छन्ति ग्रहा राज्यं हरन्तिच ।<br>
ग्रहैर्व्याप्तमिदं सर्व त्रैलोक्य सचराचरम् ॥

भावार्थ :

ग्रहहरुले नै राज्य (सुख-सुविधा र सत्ता) प्रदान गर्दछन् र ग्रहहरुले नै राज्य खोसेर पनि जान्छन् । यो समस्त चराचर (सजीव र निर्जीव) तीनै लोक ग्रहहरुद्वारा नै व्याप्छ छ ।

**व्याख्या**

यस श्लोकले ज्योतिष शास्त्रमा ग्रहहरुको प्रभाव र शक्तिलाई दर्शाउँछ । मानिसको जीवनमा आउने सफलता, ऐश्वर्य र सुख वा असफलता र कष्ट सबै ग्रहहरुको दशा र गोचरमा निर्भर रहने विश्वास गरिन्छ । संसारका हरेक वस्तु र घटनामा ग्रहहरुको सूक्ष्म प्रभाव रहने कुरा यसले स्पष्ट पार्दछ ।

**भाद्र २२ गतेको खग्रास चन्द्र ग्रहणको प्रभाव**

वि.सं. २०८२ साल भाद्र २२ गते खग्रास चन्द्र ग्रहण रहेको थियो । यस वर्ष नेपालको सम्वतमा चन्द्रमा मन्त्री थिए, उनै चन्द्रमालाई खग्रासले ग्रस्त बनाएको थियो । २३ र २४ गतेमै देश मन्त्रीविहीन बन्यो । अभिभावकविहीन बन्यो । राज्यको गौरव र र इतिहासको रुपमा सदियौंदेखि हाम्रो छाती चौडा र शिर उच्च बनाएर निरन्तर उभिइरहेका संरचनाहरु दुई दिनभित्रमा दनदनी बले र खरानी भए । निर्दोष बालबालिकाहरुको संहार भयो । सेना र प्रहरीहरु माथि निर्घात कुटपिट भयो, हतियारहरु लुटिए, कैदीहरु जेलतोडेर भागे ।

**फागुन १९ गतेको चन्द्र ग्रहणको सम्भावित प्रभाव**

अब फेरि फागुन १९ गते अर्को खण्डग्रास चन्द्र ग्रहण लाग्दैछ । यो ग्रहण पनि नेपालको राजनीतिक वृत्त, सरकार वा मन्त्रीमण्डलको ठूलो हलचलको कारक बन्न सक्ने सम्भावना छ । चन्द्र ग्रहण लाग्नु भनेको मन्त्रीमा ग्रहण लाग्नु हो । यसको अर्थ निर्वाचनपछि नयाँ सरकार बन्नुभन्दा अघि नै बहालवाला प्रधानमन्त्रीलाई पद छोड्ने तीव्र दवाव आउने संकेत हुन सक्छन् । निर्वाचन स्थलहरु पनि तनावयुक्त रहलान । निर्वाचन पश्चात पनि मतगणना केन्द्रहरुमा झैं-झगडा र विवादको स्थिति देखिने सम्भावना छ । कतिपय स्थानहरुमा पुनः मतदान गर्नुपर्ने अवस्था सृजना हुने संकेत देखिएको छ ।

एकपटक देश फेरि अभिभावकविहीनताको चपेटामा अस्तव्यस्त हुने सम्भावनाको संकेत फागुन १९ को चन्द्र ग्रहणले गरेको छ । यस समयमा सूर्य-मंगल-बुध र राहु एउटै राशी मण्डलमा जम्मा भएका छन् । यो ४५ दिनभित्रको अवधिमा आगजनी, विष्फोट, भूकम्प, झैं-झगडा, विवाद आदिको भय रहने देखिन्छ । सुरक्षा संयन्त्रहरु कमजोर देखिन्छ । तर सैन्य शक्ति न्यायीक प्रणाली सबल भएर जाने अवस्था देखिन्छ र यिनैका प्रभावले नै यी सारा समस्या र अस्तव्यस्तताहरुका बीचमा नयाँ शिराबाट सबै परिस्थितिहरु सम्हालेर जाने नेतृत्व शक्तिको उदय हुने संकेत गरेको छ ।

ग्रहण फलका बारेमा यसप्रकार बताइएको छ-

निद्रायां जायते व्याधिर्मूत्रे दारिद्र्माप्नुयात् ।<br>
पुरीषे कृमियोनिश्च मैथुने ग्रामसूकरः ॥<br>
अभ्यञ्जने भवेत्कुष्ठिर्भोजने स्यादधोगतिः<br>
बन्धने च भवेत् सर्पो बधे च नरकं व्रजेत् ॥

भावार्थः

ग्रहणका समयमा सुत्नाले रोग लाग्दछ, पिसाब फेर्नाले दरिद्रता बढाउँछ । शौच गर्नाले अर्को जन्ममा किराको योनीमा जन्म हुन्छ र मैथुन गर्नाले गाउँको सुँगुर भई जन्मिनु पर्छ । शरीरमा तेल लगाउनाले कुष्ठरोग लाग्दछ, भोजन गर्नाले अद्योगति हुन्छ, कसैलाई बन्धनमा राख्नाले सर्पको योनी प्राप्त हुन्छ र कसैको हत्या वा हिंसा गर्नाले नर्कमा परिन्छ ।

यस बाहेक ग्रहणका समयमा कुनै उत्सव नगर्नु, नयाँ कार्यहरुको शुरुवात नगर्नु, उद्घाटनका कामहरु नगर्नु भनिएको छ । चन्द्रमाको सुतककाल नौ घण्टासम्म लाग्छ भनिएको छ । सकेसम्म नौ घण्टा नै बार्नु निकै नै फलदायी हुन्छ, तथापि गृहस्थी जीवनमा कामकाज, व्यापार, व्यवसाय लगायत सबैको दैनिकी व्यस्त हुने हुँदा नौ घण्टासम्म नै बार्न सम्भव नभए पनि फागुन १९ गतेको ग्रहणका दिन साँझ ६ बजेदेखि ८ बजेसम्म उक्त कुराहरु विशेष रुपले बार्नु श्रेयस्कर हुन्छ ।

**ग्रहणका समयमा के-के गर्ने ?**

- यस दिन माछामासु र मादकपदार्थहरु सेवन नगर्ने, सुतक शुरु हुनु अगावै सात्विक भोजन गरिसक्ने ।
- घ्यु, दूध, दही आदिमा कुशको टुक्रा वा तुलसी पत्र राखिदिने र अन्य ठोस खानेकुराहरु सबैलाई राम्रोसँग छोपेर वा ढाकेर राख्ने ।
- तेल, नुन आदि पैंचो ल्याएको वा सापटी रकम कसैसँग लिएको भए ग्रहण अघि नै तिरिसक्ने ।
- घरभित्र मन्दिर वा देवीदेवताका प्रतिमाहरुलाई ग्रहण अवधिभर कपडाले छोपिदिने र ग्रहणपश्चात स्नानवा सफा सुग्घर गर्ने ।
- सुत्केरी महिलाहरु बाहिर ननिस्किने
- चन्द्रमालाई नहेर्ने
- ग्रहण स्नानपश्चात दान गर्ने ।
- चन्द्र गहण लागेका दिन सम्भव भएसम्म कुनै पवित्र जलाशयमा गई ॐ सोम सोमायनमः मन्त्र सिद्ध गर्ने । चन्द्रमा शिवजीको शीरमा विराजमान छन्, त्यसैले शिवजीको मन्त्र जाप गर्ने । यस समयमा नदी किनारमा एक चित्त भई गरेको मन्त्र जाप वा उच्चारणले छिट्टै नै सोचेको फल दिने विश्वास गरिन्छ ।
- कुनै गुरु ज्यातिषीहरुले तपाईको राशी वा कुण्डली अनुसार बीज मन्त्रहरुको जप गर्न दिनुभएको छ भने यो समय अति उत्तम समय सावित हुनेछ । तपाईले सम्पूर्ण जप संख्या यसै समयमा पूरा गर्न सक्नुहुनेछ ।
- अन्य स्तोत्रहरु जस्तैः हनुमान चालिसा, महामृत्युञ्जय मन्त्र आदि श्लोकहरु इसै समयमा १०८ पटक जप गरी लाभलिन सक्नुहुनेछ ।
- ग्रहणपश्चात घरलाई लिपपोत वा सरसफाई गरी चोख्याउने ।



**पूर्णिमाको व्रत राख्ने गर्नुभएको छ ? के गर्ने त ?**

कसै-कसैको पूर्णिमाको व्रत पनि परेको हुन सक्छ । अब १९ गते ग्रहण लागेको दिनको पूर्णिमाको व्रत चाहिँ के गर्ने त भन्ने जिज्ञासा हुन सक्छ । व्रत यसै पनि उपवास हो र ग्रहणका समयमा भोजन वर्जित हुन्छ । यस समयमा भगवानको मूर्तिहरु छुनु र पूजा गर्नुहुँदैन, तर सुतककाल अघि पूजा गर्न सकिन्छ । तपाई जलाहार वा फलाहार व्रत राख्नुहुन्छ भने सुतकअघि नै स्नाननादी गरी पूजा गर्ने र फलाहार गरिसक्ने ।

ग्रहण अवधिभर मानसिक जप गर्न सकिन्छ । मनमनै भगवानको स्मरण, ध्यान, जप गर्न सकिन्छ । कार्यसिद्धी मन्त्रहरु उच्चारण गर्न सकिन्छ । ग्रहण पूर्ण रुपमा समाप्त भएपछि स्नान गर्ने, भगवानका स्थान वा पूजाकोठाहरु सरसफाई गर्ने, घर सफा गर्ने र दानगर्ने काम सक्ने तत्पश्चातव्रतको पारण गर्ने (भोजन गर्ने)। यसरी हेर्दा तपाईको पूर्णिमाको व्रत छ भने बिहान ९:०० बजेभित्रमा पूजा गरिसक्नु पर्दछ र साँझ ८ बजे व्रत खोल्न सक्नुहुनेछ ।

**कुन-कुन राशीलाई कस्तो ग्रहणफल छ त ?**

मेषः चिन्ता, वृषः व्यथा, मिथुनः श्रीप्राप्ति, कर्कटः क्षति, सिंहः घात, कन्याः व्यय, तुलाः लाभ, वृश्चिकः सुखम्, धनुः माननाश, मकरः कष्टम, कुम्भः जीवनसाथीलाई पीडा, मीनः सौख्यम् । ग्रहण एक खगोलीय घटना हो । ग्रहणका सम्बन्धमा सामाजिक सञ्जालहरुमा देखिने जस्तो डर र भयको पछि नलाग्नुहोस् । ग्रहहरु घुमिरहन्छन् । व्यक्तिका जीवनमा परिवर्तनहरु आइरहन्छन् । यदि हामी सच्चा मनले सत्कर्म गर्छौं भने भाग्य बद्लिन भगवान स्वयम् बाध्य हुनेछन् ।

नक्षत्राणी ग्रहाश्चैवशुभाशुभनिवेदका ।<br>
मानवनां महाभागे न तु कर्म करा स्वयम् ॥

माता पार्वती शिवजीसँग भन्नुहुन्छ- हे भगवान ! मानिसहरु आफ्नो भाग्य र कर्मका लागि ग्रह नक्षत्रहरुको पूजा गर्दछन्, के मानिसको भाग्य वा कर्म ग्रह नक्षत्रहरुले नै गरेका हुन्छन् ?

शिवजी भन्नुहुन्छ- हे देवी ! ग्रह र नक्षत्रहरु मानिसलाई फल वा कर्म दिने होइनन्, तिनीहरु त केबल संकेत मात्र दिने हुन् र मानव स्वयम्ले कर्म गरे मात्र भाग्य उदय हुन्छ ।

ग्रहणको मिति : वि.सं. २०८२ साल फागुन १९ गते मंगलबार<br>
(इ.सं. २०२६ मार्च ३)<br>
समय : साँझ ६:३० बजेदेखि<br>
समाप्त : ७:२ बजेसम्म<br>
सुतक कालः १९ गते मंगलबार बिहान ९:३ बजेदेखि शुरु<br>
नक्षत्र : पूर्व फाल्गुनी<br>
राशी : सिंह






ज्यो. पं. खेमप्रसाद पौडेल<br>
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - आज समयले साथ दिएको छ, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - शुभ दिन रहेको छ, नयाँ अवसरका बाटो खुल्नेछन्, साथीभाइसँग रमाइलो भेटघाट तथा उपहार प्राप्त हुनेछ, स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - बुद्धिको उपयोगले धन आर्जन गर्ने समय छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - लामो समयदेखि अशान्त रहेको मन शान्त हुनेछ, पारिवारिक कारणले खुशी बढ्नेछ, मिष्ठान्न भोजनको अवसर छ, व्यर्थको यात्रा गर्नुपर्नेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, आजबाट तपाईलाई भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, नयाँ अवसर आउनेछ, तपाईको कामको मूल्यांकन हुने दिन आएको छ, अनावश्यक झमेलामा फसिने योग रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - आजको समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ, खर्चिलो दिन छ विचार गरेर खर्च गर्नुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपायाबाट यथेश्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - रचनात्मक काम शुरू गर्ने समय छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिनेछ ।


मिति २०८२/११/१७ आइतबारको<br>
सुनचाँदी मूल्य<br>
छापावाला<br>
सुन प्रति तोला<br>
रु. ३,२०,५००।-<br>
चाँदी<br>
प्रति तोला<br>
रु. ५,९८५।-

# पर्यटकीय गन्तव्य बन्दै 'तपस्याधाम'



**झापा, फागुन १७।** मेचीनगर-१० धुलाबारीमा नवनिर्मित 'तपस्याधाम' आध्यात्मिक पर्यटनको नयाँ गन्तव्य बनेको छ।

पूर्व-पश्चिम राजमार्गको धुलाबारी मोडबाट डेढ किलोमिटर उत्तर लीलाबस्तीमा १३ करोड रुपैयाँको लागतमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले धामको निर्माण गरेको हो।

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र उनका दाजु राज्यप्रकाश शर्माले स्वर्गीय मातापिता पर्शुराम शर्मा र सावित्रादेवीको स्मृतिमा निःशुल्क प्रदान गरेको पाँच कट्ठा जग्गामा धामको आकर्षक संरचना निर्माण भएका छन्।

धामकी सञ्चालिका एवम् ब्रह्माकुमारी राजयोग सेवा केन्द्र धुलाबारीकी प्रमुख अनुषा दिदीका अनुसार तपस्या धाममा ध्यान कक्ष, तपस्या स्थल, प्रजापिता ब्रह्मा बाबाको स्मारक, आवास कक्ष र सेमिनार हल निर्माण गरिएका छन्।

राजयोग र ध्यानका माध्यमबाट मानसिक तनाव कम गर्न र आध्यात्मिक ज्ञान प्राप्त गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई सुविधा पुऱ्याउन धामको निर्माण गरिएको उनले बताए।

भारतको राजस्थानस्थित माउन्ट आबुमा रहेको ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको अन्तर्राष्ट्रिय मुख्यालयमा रहेका महत्वपूर्ण संरचनाहरूको प्रतिकृति यस धाममा पाइने भएकाले भारत र नेपालका आध्यात्मिक पर्यटकलाई यसले आकर्षित गर्ने अपेक्षा गरिएको उनको भनाइ छ। माउन्ट आबुकी राजयोगिनी उषा दिदी र ब्रह्माकुमारी राजयोग सेवा नेपालकी प्रमुख डा. राज दिदी लगायतले हालै तपस्या धामको अवलोकन गरेकी थिइन्।

जग्गादाता समेत रहेका कांग्रेस उपसभापति शर्माले मातापिताको स्मृतिलाई जीवन्त राख्न र शान्ति प्रवर्द्धनका लागि समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने उद्देश्यले आफ्नो परिवारले जग्गादान गरेको बताए।

# रुपरत्न मेमोरियलको स्वागत कार्यक्रम



**अर्जुनधारा, फागुन १७।** अर्जुनधारा नगरपालिका-७ स्थित रुपरत्न मेमोरियल बोर्डिङ स्कूलले शैक्षिक सत्र २०८२ कक्षा-११ का नवआगन्तुक विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच स्वागत गरेको छ।

विद्यालयकी प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिकी सदस्य सचिव नम्रता गिरीको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा प्रेस क्लवका अध्यक्ष एवम् अग्रज पत्रकार रमेश समदर्शीले उद्घाटन गरेका थिए।

शिक्षकहरुको तर्फबाट शिक्षक नारायण पोखरेल र विद्यार्थीहरुका तर्फबाट छात्र कमलसिंह डाँगीले स्वागत गरेको कार्यक्रममा ४० जना विद्यार्थीलाई अविर, माला र मायाको चिनोबाट स्वागत गरिएको थियो।

त्यसैगरी कार्यक्रममा गत शैक्षिक वर्ष २०८१ का कक्षा ११ का प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरु कमलसिंह डाँगी, रोजिना चापागाँई र गंगा दनुवारलाई नगद पुरस्कार क्रमशः तीन हजार, दुई हजार र एक हजारसहित ट्रफी प्रदान गरिएको थियो। कार्यक्रममा कक्षा ११ र १२ का शिक्षकहरुलाई पनि मायाको चिनोबाट सम्मानित गरिएको थियो।

कार्यक्रममा विद्यालयकी पूर्व विद्यार्थी एवम् मिस नेपाल कसमो २०२५ की उपाधि विजेता, मिस इन्टरनेशनल कसमो २०२५ की कार्निभल कस्टम सेग्मेन्टकी टप फाइभ एवम् कसमो ग्रीन समिट सेग्मेन्टकी टप टेन दीपशिखा नेपाललाई अभिनन्दन पत्र र दोसल्ला ओढाई अभिनन्दित गरिएको थियो।

कार्यक्रममा अर्जुनधारा प्रेस क्लबका सदस्य एवम् विद्यालयले सञ्चालन गरेको अतिरिक्त क्रियाकलाप कार्यक्रमका संयोजक अमित खम्बू, अभिनन्दित व्यक्तित्व नेपाल लगायतले शुभकामना मन्तव्य राखेका थिए।

नवआगन्तुक विद्यार्थीहरुको स्वागतमा विद्यार्थीहरुले गीत तथा नृत्य प्रस्तुत गरेको उक्त कार्यक्रमको सञ्चालन विद्यालयका इन्चार्ज जीवन लिम्बूले सञ्चालन गरेका थिए।

**सच्याइएको,**
**पूर्वाञ्चल दैनिक पत्रिकाको मिति २०८२ साल फागुन १० गते आइतबारका दिन प्रकाशित पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना प्रकाशन हुँदा तपसिलका ऋणि र ऋणि सम्बन्धी विवरणमा प्राविधिक कारणबस अत्यथा भएकोले सच्याएर पुनः प्रकाशन गरिएको छ।**

## गाँजासहित पक्राउ

**झापा, फागुन १७।** सप्तरीको बलान बिहुल गाउँपालिका-२ दिगिया बस्ने ४५ वर्षीय किशुन देव यादव समेत दुई जनालाई लागूऔषध गाँजासहित प्रहरीले पक्राउ गरेको छ।

उनीहरुको साथबाट ५८ किलो आठ सय ग्रामसहित गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले जनाएको छ।


**घर ढलान गर्नुछ ?**
तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
**सेवामा २४सैं घण्टा उपलब्ध छौं।**
सम्पर्क : ९८०२३१३२९० ९८२४०५७७०७ ९८०२३१३२९३

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**UPVC झ्याल ढोका**
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस्।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क : बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. : 023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**वैदेशिक रोजगार**
**के तपाई विदेश जान चाहनुहुन्छ ?** यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **खगोल ओभरसिजलाई** सम्झनुहोस्। **यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।**
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

UNited International Group
**UAE मा रोजगारीको अवसर**
**७ दिनमा भिषा आउने**
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**विशेषज्ञ डाक्टरहरुको सेवा अब**
**कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
**देवराज गिरी**
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।
**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।*
Youtube Channel : Nishat M jotic kendra


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

***तेस्रो पटक प्रकाशित मिति : २०८२/११/१८***

यस कम्पनीको मिति २०८२/१०/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं. १५६९४४) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/११/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी एस. हिमालयन इन्फास्ट्रक्चर एण्ड कन्स्ट्रक्सन प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
Purbanepal Bahu-uddeshyiya Sahakari Sanstha Ltd.

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/११/१८)

यस संस्थाबाट ऋणी सदस्यहरूले बिभिन्न ऋण शीर्षक अन्तर्गत उपभोग गर्दै आएको कर्जा बापत संस्थालाई समय समयमा बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्तहरूको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकोले ऋणी, धनजमानी एवम् कर्जासँग सम्बन्धित सबैलाई कर्जा चुक्ता गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थाको सम्बन्धित सेवा केन्द्रमा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता गर्नु/गराउनु होला। अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, धनजमानीकर्ता लगायत कर्जासाग सम्बन्धित सबै पक्षलाई कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरूप संस्थालाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम अशुल उपर गर्नेतर्फ आवश्यक कारबाही अघि बढाउने व्यहोरा सूचित गरिन्छ, साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकि संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर नभएमा अशुल हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी, धनजमानीकर्ता साथै कर्जासाग सम्बन्धित व्यक्तिहरूको घर घरानाबाट असुली गर्न कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजे/पति/पत्नीको नाम | व्यक्तिगत जमातनत/धनजमानी दिने व्यक्ति | कार्यालय | जग्गाधनीको नाम | साविक जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल (वर्गमिटर) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | रतन राई | दमक-१५, झापा | डम्बर बहादुर राई | रत्न बहादुर राई | डम्बर बहादुर राई | दमक | रतन राई | तोपगाछी-६, झापा | ५५५१ | ०-६-१९-० |
| २. | ममता सिंह राजपुत | दमक-७, झापा | रामशीष सिंह राजपुत | कृष्णदेव सिंह राजपुत | - | दमक | ममता सिंह राजपुत | मधुमल्ला (दमक-६,झापा) | १३५३ | ०-०-११.२५-० |
| | | | | | | | | तोपगाछी-४, झापा | २३४ | ०-३-०-० |
| ३. | यन्जुक कार्की | कमल-४, झापा | योगराज कार्की | नर बहादुर कार्की | योगराज कार्की, कमल नेपाल, राकेश थापा, विप्लप थापा | दमक | योगराज कार्की | [redacted]छी-४, झापा | ६०८ | ०-५-१२-० |
| | | | | | | | | | ६०७ | ०-३-६-० |
| | | | | | | | | | ३०३ | ०-६-३-० |
| | | | | | | | | | ६१० | ०-४-२-० |
| ४. | टिका बस्नेत | सराङडाँडा-५, पाँचथर | तिल बहादुर बस्नेत | डिल्ली प्रसाद बास्तोला | डिल्ली प्रसाद बास्तोला | दमक | टिका बस्नेत | [redacted]छी-५, झापा | ६७७१ | ०-०-१०-० |
| ५. | विक्रम कालाखेती | महारानीझोडा-८, झापा | भक्त बहादुर कालाखेती | विर बहादुर कालाखेती | - | दमक | विक्रम कालाखेती | [redacted]-७, झापा | २०६७ | ०-०-८.७५-० |
| ६ | प्रेरणा गजुरेल घिमिरे | बिर्तामोड-४, झापा | जगगनाथ प्रसाद गजुरेल | सन्तोष घिमिरे | सन्तोष घिमिरे | बिर्तामोड | प्रेरणा गजुरेल [redacted] | [redacted]मनी-४, झापा | ११७ | २०३.७१ व.मी. |
| ७ | तीर्थ राज रेग्मी | दुगौली-२, कैलाली | झनकदत्त रेग्मी | गंगा प्रसाद रेग्मी | जिवन कुमार रिजाल | बिर्तामोड | [redacted] | [redacted]-३, झापा | २२२५ | ४२३.२८ व.मी. |
| ८ | विष्णु प्रसाद मिश्र | दमक-१९, झापा | पुष्प प्रसाद मिश्र | त्रिलोचन मिश्र | अनामिका देव मिश्र | बिर्तामोड | [redacted] | [redacted]मनी-३, झापा | ३२ | २५३.९५ व.मी. |

**सञ्चालक समिति**